# विपद उद्दार खर्च सञ्चालन कार्यविधी, २०७७

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. ५

बुटवल

**विपद् उद्दार खर्च सञ्चालन कार्यविधी, २०७७**

प्रदेशभित्र विपद्का घटनाबाट प्रभावितको तत्काल उद्दार गर्न आवश्यक पर्ने सवारी साधन, एम्बुलेन्स र सामग्रीहरूको व्यवस्था गर्न तथा उद्दारमा खटिने  कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवकहरूलाई व्यवस्थित तरिकाले परिचालन गर्नको लागि बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०७७ समेतको आधारमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधी बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधीको नाम विपद् उद्दार खर्च सञ्चालन कार्यविधी,२०७७ रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधीमाः

(क) **"मन्त्रालय"** भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ ।

(ख) **"मन्त्री"** भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रीलाई सम्झनुपर्छ ।

(ग) **"विपद्"** भन्नाले कुनै स्थानमा आपतकालिन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ।

(घ) **"सुरक्षाकर्मी"** भन्नाले विपद् खोज तथा उद्दार कार्यमा खटिएको नेपाली सेना, नेपाल प्रहरी,सशस्त्र प्रहरी बल नेपाल र प्रदेश प्रहरी कर्मचारीहरूलाई सम्झनुपर्दछ।

(ङ) **"स्वयंसेवक"** भन्नाले विपद्को खोज तथा उद्दारमा खटिने विभिन्न संघसंस्था एवं स्वेच्छिक रूपमा परिचालित जनशक्तिलाई सम्झनुपर्दछ।

(च)**"समिति"** भन्नाले दफा ३(१) बमोजिमको विपद् उद्दार खर्च परिचालन समितिलाई बुझ्नुपर्दछ ।

**३. <u>विपद् उद्दार खर्च परिचालन समितिः-</u>** (१) विपद् उद्दार खर्च परिचालनको लागि देहाय बमोजिमको खर्च परिचालन समिति रहनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक

(ख) प्रमुख, प्रशासन योजना तथा विपद् व्यवस्थापन महाशाखा -सदस्य

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको अधिकृतस्तरको प्रतिनिधी -सदस्य

(घ)आर्थिक मामिला तथा योजना मन्त्रालयले

तोकेको अधिकृतस्तरको प्रतिनिधि -सदस्य

(ङ) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

(च) प्रमुख, विपद् व्यवस्थापन समन्वय शाखा -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकताअनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) कुनै विपद्को घटना घट्ने बित्तिकै विपद्बाट प्रभावित व्यक्तिको खोज तथा उद्धारको लागि सुरक्षाकर्मी, कर्मचारी र स्वयंसेवक परिचालन गर्न समितिले आवश्यक रकमको व्यवस्था गर्न सक्नेछ।

४. <u>विपद् उद्धार खर्च परिचालनः-</u> (१) समितिले विपद् सम्बन्धी घटनाको प्रभाव र सोबाट सिर्जित सङ्कटासन्नताको आधारमा खोज तथा उद्धार कार्यमा बजेट खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विपद् उद्धार खर्च परिचालन गर्दा देहाय बमोजिम गरिनेछः-

(क) विपद् उद्धार खर्च रकम विपद् पश्चातको आकस्मिक खोज तथा उद्धार कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि मात्र परिचालन गरिनेछ।

<u>स्पष्टिकरणः</u> खण्ड (क) को प्रयोजनको लागि विपद् भन्नाले बाढी, पहिरो, आगलागी, हुरी बतास, शीतलहर, हिमपात, डढेलो, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटनाजस्ता विपद् सम्झनुपर्छ।

(ख) विपद् उद्धार खर्च रकम परिचालन गर्दा आपत्कालिन अवस्थामा खोज तथा उद्धार कार्यमा तत्काल आवश्यक पर्ने सवारी साधनको व्यवस्था गर्न र तत्काल आवश्यक वस्तुहरू खरिद गर्न खर्च गरिनेछ।

(ग) उद्धार कार्यमा परिचालन हुने कर्मचारी, सुरक्षाकर्मी तथा स्वयंसेवकको बन्दोबस्तीका लागि विपद् उद्धार खर्च रकम खर्च गरिनेछ।

तर, खोज तथा उद्धारमा खटिएका कर्मचारी, सुरक्षाकर्मी तथा अन्य स्वयंसेवक परिचालनको लागि दोहोरो पर्नेगरी रकम उपलब्ध गराइनेछैन ।

(घ) खोज तथा उद्धार कार्यमा मन्त्रालयको निर्णय वा निर्देशनबाट खटाइने कर्मचारी, सुरक्षाकर्मीले खोज तथा उद्धार कार्य सम्पन्न भएको एक हप्ताभित्र खर्चको विवरण सहित खोज तथा उद्धार कार्यमा लागेको रकम भुक्तानी माग गर्न सक्नेछन।

(ङ) विपद् खोज तथा उद्दारमा खटिने स्वयंसेवकहरू सुरक्षाकर्मीको नेतृत्वमा परिचालित भएको हुनुपर्नेछ।

(च) खोज तथा उद्दार खर्च परिचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनको विपरित नहुने गरी विपद् उद्दार खर्च परिचालन समितिले निर्णय गरे बमोजिम हुनेछ।

**४. <u>कार्यविधी लागु नहुने</u>:** महाभूकम्प, महामारी, महाविपत्ती जस्ता घटनामा यो कार्यविधि लागु हुनेछैन।

**५. <u>असुल उपर गरिने</u>:** यस कार्यविधि बमोजिम कुनै अधिकारीले झुटा विवरण पेश गरी उद्दार खर्च भुक्तानी लिएको पाइएमा  त्यस्तो उद्दार खर्च सरकारी बाँकी सरह असुल उपर गरिनेछ।